नेपाली राजदूतावास
मस्कट, ओमान
Embassy of Nepal
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

**Press Release on Special event organized on Weekend**

The Embassy of Nepal in Muscat successfully organized a comprehensive program on Friday, 05 December 2025 at Nepal House, Muscat. The event featured presentations useful to Nepali workers regarding labour awareness and financial literacy, an interactive session with H.E. the Ambassador, Passport-Consular and Health check-up camp.

The official event commenced with H.E. Dornath Aryal, Ambassador of Nepal to the Sultanate of Oman, lighting the traditional Panas Lamp. A few presentations were made to provide insightful and useful information to the gathering.

The presentations covered important topics including Use of Artificial Intelligence (AI) in daily life, maintaining physical and mental well-being while abroad, Social Security Fund, "Do's and Don'ts" in Oman, as well as labour awareness and financial literacy. These sessions aimed at equipping workers with essential information for a safer, more productive life. The presentations were delivered by Mr. Bishesh Kumar Sah, First Secretary; Mr. Damodar Gnawali, Labour Attache; Dr. Kamal Aryal, a Nepali doctor; Mr. Shyam Bhattarai and Mr. Binod Kumar Das, members of the NRN Social Club Oman.

Recognizing the challenges workers face in accessing services during regular working days, the Embassy organized a Passport and Consular service Camp. This initiative specifically targeted individuals unable to take leave on weekdays or those traveling from distant areas. Concurrently, a Health Camp free of cost was conducted by a medical team of 6 members from Badr Al Sama Hospital to provide basic health check-up services. Participants expressed their happiness and appreciation for the special event being held on a weekend, facilitating both awareness and access to essential services.

Prior to the formal occasion, H.E. Dornath Aryal convened the 11th Development Diplomacy meeting in the presence of representatives of Oman based Nepali organizations. Discussions centered on the role of the Embassy, diaspora's contribution to policy reforms and worker’s welfare, and coordination for organizing events for Nepal promotion in the field of tourism, investment, trade and employment. Mr. Suresh Khadka, President of NRN Social Club Oman handed over a letter inclusive of suggestions to review relevant policies. The Ambassador addressed queries of committee members in addition to collecting valuable feedback to enhance the effectiveness of service delivery and responsiveness of the embassy.

The Embassy acknowledges the vital support of medical team of Badr Al Sama Hospital, Nepali organizations and volunteers who contributed to the smooth operation of the event. The Embassy is committed to promoting the interests of Nepalis in Oman and conducting similar events in future for the welfare of the Nepali community.

EMBASSY OF NEPAL
Muscat, Sultanate of Oman

The Embassy of Nepal, Muscat, Sultanate of Oman
05 December 2025

नेपाली राजदूतावास
मस्कट, ओमान
Embassy of Nepal
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

**प्रेस विज्ञप्तिः विदाको दिन विशेष कार्यक्रम**

नेपाली राजदूतावास, मस्कटले ०५ डिसेम्बर २०२५ (१९ मंसिर २०८२) को दिन नेपाल घर, मस्कटमा नेपाली कामदारहरूलाई उपयोगी श्रमिक सचेतना तथा वित्तीय साक्षरतासम्बन्धी प्रस्तुतीकरण, महामहिम राजदूतसँग अन्तरक्रिया, राहदानी-कन्सुलर र निशुल्क स्वास्थ्य जाँच शिविर सहितको वृहत कार्यक्रम सफलतापूर्वक आयोजना गर्यो।

ओमानका लागि नेपाली राजदूत महामहिम डोरनाथ अर्यालले परम्परागत पानस बत्ती बालेर औपचारिक कार्यक्रमको सुरुवात गर्नु भयो। कार्यक्रममा नेपाली कामदारहरुलाई जानकारी प्रदान गर्न दैनिक जीवनमा कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग, विदेशमा रहँदा शारीरिक तथा मानसिक रुपमा स्वस्थ हुने तरिका, सामाजिक सुरक्षा कोष, ओमानमा गर्न हुने नहुने कार्य, श्रमिक सचेतना र वित्तीय साक्षरताजस्ता महत्वपूर्ण विषयहरूमा प्रस्तुतीकरण गरिएका थिए। प्रस्तुतीकरणहरूमार्फत कामदारहरूलाई सुरक्षित र उत्पादनशील जीवनशैलीका लागि जानकारी प्रदान गरिएको थियो। प्रथम सचिव श्री बिशेषकुमार साह, श्रम सहचारी श्री दामोदर ज्ञवाली, नेपाली चिकित्सक डा. कमल अर्याल, तथा गैर-आवासीय नेपाली सोसल क्लब ओमानका सदस्यहरु श्री श्याम भट्टराई र श्री विनोदकुमार दासले प्रस्तुतीकरण गर्नुभएको थियो।

उक्त अवसरमा राहदानी तथा कन्सुलर सेवा सम्बन्धी शिविर सञ्चालन गरिएको थियो। यो शिविर विशेषगरी कार्यदिनमा बिदा लिन नसक्ने वा टाढाबाट आउने व्यक्तिहरूलाई लक्षित थियो। सोही समयमा बदर अल सामा अस्पतालको ६ सदस्यीय चिकित्सक टोलीले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गरेको थियो। सेवाग्राहीहरूले विदाको दिन यस्तो बृहत सेवा-मूलक कार्यक्रम आयोजना गरिएकोमा खुशी व्यक्त गर्नुभएको थियो।

औपचारिक कार्यक्रमपूर्व महामहिम डोरनाथ अर्यालले ओमानस्थित नेपाली संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा विकास कूटनीति सम्बन्धी स्थायी समितिको ११औं बैठक संचालन गर्नुभएको थियो। बैठकमा राजदूतावासको भूमिका, नीतिगत सुधार र नेपाली कामदारको उद्दार एवं कल्याणमा सरोकारवालाको पहल, तथा पर्यटन, लगानी, व्यापार र रोजगार प्रवर्द्धनका कार्यक्रमहरू आयोजना गर्न आवश्यक समन्वयमा गर्ने विषयहरु उपर छलफल केन्द्रित थियो। गैर-आवासीय नेपाली सोसल क्लबका अध्यक्ष श्री सुरेश खड्काले सम्बन्धित नीतिहरू पुनरावलोकन गर्न सुझाव सहितको पत्र हस्तान्तरण गर्नुभएको थियो। राजदूतले समितिका सदस्यहरुको जिज्ञासाको उत्तर दिनुका साथै नेपाली राजदूतावासको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन उपयोगी सुझावहरू संकलन गर्नुभएको थियो।

नेपाली राजदूतावासले कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने बदर अल सामा अस्पतालको चिकित्सक टोली, नेपाली संघ-संस्था तथा स्वयंसेवकहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ। ओमानमा रहनु भएका नेपालीहरूको हित प्रवर्द्धनमा प्रतिबद्ध रहँदै राजदूतावासद्वारा भावी दिनहरूमा पनि नेपाली समुदायको लागि यस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

**नेपाली राजदूतावास, मस्कट**

**०५ डिसेम्बर २०२५ (१९ मंसिर २०८२)**

EMBASSY OF NEPAL
Muscat, Sultanate of Oman